Date ________
Page ________

आज मिती २०७८/१२/१४ गतेका दिन बेलुका ५:३० बजे यस नगरपालिकाका नगर प्रमुख श्री बेचन दास को अध्यक्षतामा कार्यपालिका सदस्यज्यू हरुको उपस्थितीमा विविध प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बैठक बसियो।

उपस्थिती:

१. नगर प्रमुख श्री बेचन दास — [signature]
२. वाडा नं. १ को वाडा अध्यक्ष श्री रामवृक्ष ठाकुर — रामवृक्ष
३. वाडा नं. २ को वाडा अध्यक्ष श्री अपना कुशियेत — [signature]
४. वाडा नं. ३ को वाडा अध्यक्ष श्री बिल्टु राय — [signature]
५. वाडा नं. ५ को वाडा अध्यक्ष श्री विजय कुमार यादव — [signature]
६. वाडा नं. ६ को वाडा अध्यक्ष श्री जयराम मण्डल — [signature]
७. वाडा नं. ८ को वाडा अध्यक्ष श्री राज किशोर मण्डल — [signature]
८. वाडा नं. ९ को वाडा अध्यक्ष श्री जुमराती नदाफ — [signature]
९. कार्यपालिका सदस्य श्री वैद्यनाथ प्रसाद — [signature]
१०. कार्यपालिका सदस्य श्री गुजरी देवी राय — [signature]
११. कार्यपालिका सदस्य श्री उर्मिला पण्डित — उर्मिला
१२. प्रमुख प्रशासकीय अधिकृत श्री संजीव कुमार साह — [signature]

प्रस्तावहरु:

प्रस्ताव नं. १. दुःख प्रस्ताव पारित गर्ने सम्बन्धमा
प्रस्ताव नं. २. पिडितलाई सहयोग सम्बन्धमा
प्रस्ताव नं. ३. शान्ति सुव्यवस्था सम्बन्धमा
प्रस्ताव नं. ४. जिल्ला प्रहरी कार्यालयलाई अनुरोध (डेलिगेशन) गर्ने सम्बन्ध
प्रस्ताव नं. ५. CCTV को कार्य सुचारु तथा भुक्तानि सम्बन्धमा
प्रस्ताव नं. ६. जिल्ला विपद् व्य. समितीमा सहयोगको लागि सिफारिस सम्बन्ध
प्रस्ताव नं. ७. नगरपालिकाको कार्यालयमा भएको क्षति सम्बन्धमा

निर्णयहरु:

निर्णय नं. १.

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८ साल चैत्र महिना १२ गते शनिवारको राति यस नगरपालिका को तिनकोरिया चोक स्थित स्थान्तो पान पसलमा आग लागी भई सम्पूर्ण सामानहरु जलेर नस्ट भएकोले पिडित लाई भएको क्षति तथा भोलिपल्ट नगर पालिकाको कार्यालयमा भएको क्षति प्रति सम्पूर्ण नगरपालिका को

पदाधिकारी तथा कर्मचारीहरुको तर्फबाट दुःख प्रस्ताव पारित गर्ने निर्णय सर्वसम्मतीले गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथी छलफल गर्दा उपरोक्त घटनामा भएको क्षति सम्बन्धि विवरण तथा पिडित परिवारको अवस्था समेतको विवरण संकलन गरि मिति २०८८/१२/०६ गतेको विपद व्यवस्थापन समितीको बैठकमा पेश गर्ने जिम्मा यस नगरपालिकाको वडा नं. ६ को वडा अध्यक्ष श्री जयराम मण्डललाई जिम्मा दिने तथा विपद व्यवस्थापन समितीले उचित क्षतिपुर्ति सहयोग गर्ने/गराउने निर्णय सर्वसम्मतीले गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस नगरपालिकाको छुट्टै वडाका चोकहरुमा शान्ति सुव्यवस्था कायम गर्नका लागि स्थानिय सुरक्षाकर्मि, जनप्रतिनिधि, समाजसेवी लगायतको समन्वयमा शान्ति सुव्यवस्थाको प्रत्याभुत गराउने निर्णय सर्वसम्मतीले निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस नगरपालिकामा पटक-पटक भएको अपराध को विषयमा यस नगरपालिका अन्तर्गतका सुरक्षा निकायको लापरवाही सम्बन्धमा तथा तिनकौरिया चोकस्थित इलाका प्रहरी चौकीको इन्चार्ज को कार्यशैली सम्बन्धमा जिल्ला प्रहरीकार्यालयमा नगरपालिका बाट डेलिगेशन लिएर जाने निर्णय सर्व सम्मतिले गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस नगरपालिकाको तिनकौरिया चोकमा जडान भएको CCTV अविलम्ब संचालनमा ल्याई सो CCTV को मुल्यांकन समेत गर्ने निर्देशन नगरपालिका लाई दिने निर्णय

सर्व सम्मतिले गरियो।

**निर्णय नं. ६:**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा पिडित परिवारको निवेदन सहित जिल्ला विपद् व्यवस्थापन समितीमा सहयोगको लागि ~~निर्णय~~ सिफारिस गर्ने निर्णय सर्व सम्मतीले गरियो।

**निर्णय नं. ७:**

प्रस्ताव नं. ७ माथी छलफल गर्दा मिति २०७८।१२।१२ गतेको राति तिनकौरिया-चोकको पान पसलमा आगलागी भए पश्चात मिति २०७८।१२।१३ गतेको दिन कार्यालय समयमा नगरपालिकाको कार्यालयमा CCTV को तोडफोड, सोलार तोडफोड, झ्याल तोडफोड तथा कर्मचारीहरुको सवारीमा तोडफोड भएकोमा खेद प्रस्ताव व्यक्त गर्ने साथ साथै सो घटनाको नगरपालिकाको कार्यालय संग कुनै सम्बन्ध नभई आयोजित रुपमा केहि उच्छृङ्खल व्यक्तिहरुले नगरपालिकामा गरेको तोडफोडको क्षति विवरण यकिन गरि सो व्यक्तिहरु लाई कानुन अनुसारको कारवाही अगाडी बढाउने निर्णय सर्व सम्मतीले गरियो।